माङसेबुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
इलाम
कोशी प्रदेश, नेपाल

पत्र संख्या: २०८३/०८४
चलानी नं.: ५८

**सामुदायिक विद्यालयको प्रधानाध्यापक छनोटका लागि दरखास्त आह्वान सम्बन्धी सूचना ।**

**(प्रथम पटक प्रकाशित मिति २०८३/०६/२२**

प्रस्तुत विषयमा शिक्षा नियमावली २०५९(दशौं संशोधन सहित),को नियम ९३ कार्यान्वयन गर्ने सम्बन्धमा गाउँ कार्यपालिकाका गाउँ शिक्षा समितिको मिति २०८३ ।०६।२२ गतेको निर्णयानुसार माङसेबुङ गाउँपालिका अन्तर्गतका उल्लेखित सामुदायिक विद्यालयहरुमा विद्यालय विकास प्रस्तावको आधारमा प्रधानाध्यापक छनोट गरी नियुक्ति गर्नु पर्ने भएकाले तपसिल बमोजिम तोकिएका सर्तहरु पुरा गरी दरखास्त दिने विद्यालय व्यवस्थापन समिति मार्फत यो सूचना प्रकाशन भएको १५ (पन्ध्र) दिन भित्र दरखास्त पेश गर्नका लागि सम्बन्धित सबैमा यो सूचना जारी गरीएको छ।

<u>तपसील</u>

| आवश्यक पद संङख्या | |
|---|---|
| आधारभूत तह(कक्षा ५ सम्म सञ्चालित) | १५ |
| आधारभूत तह(कक्षा ८ सम्म सञ्चालित) | ८ |
| माध्यमिक तह | ७ |
| जम्मा | ३० |

**माध्यमिक तहको प्रधानाध्यापकको लागि दरखास्त दिन आवश्यक योग्यता:-**

१. सम्बन्धित विद्यालयको तहगत स्थायी शिक्षक।
२. मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तिमा स्नातकोत्तर वा सो सरह उतीर्ण गरेको तर शिक्षा शास्त्र विषयमा स्नातक तह उतीर्ण गरी कम्तीमा ५ वर्ष स्थायी सेवा गरेको शिक्षक माध्यमिक तहको प्रधानाध्यापक पदमा उमेद्वार हुन पाउने छ ।
३. सम्बन्धित विद्यालयमा तहगत दरबन्दि नभएमा पालिका भित्रका अन्य विद्यालयमा कार्यरत तहगत योग्यता पुगेका स्थायी शिक्षक ।

**आधारभूत तह (कक्षा ८ सम्म सञ्चालित) को प्रधानाध्यापकको लागि दरखास्त दिन आवश्यक योग्यता:-**

१. सम्बन्धित विद्यालयको तहगत (विषयगत) स्थायी शिक्षक
२. मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तिमा स्नातक वा सो सरह उतीर्ण गरेको तर शिक्षा शास्त्र विषयमा प्रमाणपत्र तह उतीर्ण गरी कम्तीमा ५ वर्ष स्थायी सेवा गरेको शिक्षक आधारभूत तहको प्रधानाध्यापक पदमा उमेद्वार हुन पाउने छ ।
३. सम्बन्धित विद्यालयमा तहगत दरबन्दी नभएमा पालिका भित्रका अन्य विद्यालयमा कार्यरत तहगत योग्यता पुगेका स्थायी शिक्षक

**आधारभूत तह (कक्षा ५ सम्म सञ्चालित) को प्रधानाध्यापकको लागि दरखास्त दिन आवश्यक योग्यता:-**

१. सम्बन्धित विद्यालयको तहगत स्थायी शिक्षक
२. मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तिमा स्नातक वा सो सरह उतीर्ण गरेको तर शिक्षा शास्त्र विषयमा प्रमाणपत्र तह उतीर्ण गरी कम्तिमा ५ वर्ष स्थायी सेवा गरेको शिक्षक आधारभूत तहको प्रधानाध्यापक पदमा उमेद्वार हुन पाउने छ ।

बुद्धिप्रसाद खतिवडा
शिक्षा अधिकृत (आठौं)


Email: mangsebung.ruralmun@gmail.com Website: mansebungmun.gov.np

CamScanner

## माङसेबुङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
इभाङ, इलाम

कोशी प्रदेश, नेपाल

पत्र संख्या: २०८३/०८४

चलानी नं.: ४७

३. सम्बन्धित विद्यालयमा तहगत दरबन्दी नभएमा वा तोकिएको अवधिभित्र आवेदन नपरेमा पालिका भित्रका अन्य विद्यालयमा कार्यरत तहगत योग्यता पुगेका स्थायी शिक्षक

**दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु:-**

१. व्यक्तिगत निवेदन।

२. न्यूनतम तथा माथिल्लो शैक्षिक योग्यताको प्रमाणपत्र स्वयंद्वारा प्रमाणित प्रतिलिपी ।

३. सम्बन्धित तहको स्थायी नियुक्ति पत्रको प्रतिलिपी ।

४. तालिम लिएको भए सोको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।

५. अध्यापन गरेको विषयमा प्राप्त विद्यार्थी सिकाई उपलब्धिको विद्यालयबाट प्रमाणित कागजात

६. विद्यालय विकास प्रस्ताव (शिक्षा नियमावली २०५९(दशौं संशोधन सहित) को अनुसूची १३ मा तोकेको विषयमा तयार गरिएको शिलबन्दी खाम )।

७. नागरिकताको प्रतिलिपी ।

८. शिक्षण अध्यापन अनुमति पत्रको प्रमाणित प्रतिलिपी ।

९. शिक्षण अनुभवको प्रमाणित कागजात ।

१०. शैक्षिक तथा विद्यालय व्यवस्थापन तालिमको प्रमाणित प्रतिलिपी ।

**विद्यालय विकास प्रस्तावमा समावेश गर्नु पर्ने मुख्य क्षेत्रहरु**

१. वर्तमान शैक्षिक र आर्थिक अवस्था

२. विद्यालयले हासिल गर्नुपर्ने अपेक्षित उपलब्धि

३. वर्तमान अवस्था र अपेक्षित उपलब्धिका सूचीगत अन्तर

४. अपेक्षित उपलब्धि हासिल गर्ने श्रोत पहिचान सहितको कार्ययोजना

५. कार्ययोजना मूल्याङ्कनका सूचकहरु

नोट : परीक्षा मिति पछि प्रकाशन गरिनेछ । विद्यालयले दरखास्त दिने अन्तिम मिति बाट २ दिन भित्र प्राप्त दरखास्त शिक्षा युवा तथा खेलकूद शाखामा ल्याईसक्नु पर्नेछ ।
प्रधानाध्यापक छनोटको सम्पूर्ण प्रक्रिया शिक्षा नियमावली २०५९,(दशौं संशोधन सहित) को नियम ९३ मा भएको व्यवस्था बमोजिम हुनेछ।

बुद्धिप्रसाद खतिवडा
शिक्षा अधिकृत (आठौं)



CamScanner